# तानसेन नगरकार्यपालिका र बगनासकाली गाउँकार्यपालिकाको संयुक्त बैठक

## संयुक्त प्रेस विज्ञप्ति

मिति २०७६ जेठ २९ गते (१२ जुन २०१९) का दिन तानसेन नगरपालिकाको आयोजनामा तानसेन नगरकार्यपालिका र बगनासकाली गाउँकार्यपालिकाको संयुक्त बैठक तानसेन नगर प्रमुख श्री अशोककुमार शाहीको अध्यक्षता र बगनासकाली गाउँपालिका अध्यक्ष श्री कृष्णप्रसाद बस्यालको उपस्थितिमा सम्पन्न भयो। ऐतिहासिक रुपमा सम्पन्न अन्तरकार्यपालिका बैठकमा भएका निर्णयको मुल सार तपसिल अनुसार रहेको छ :

१.पर्यटन क्षेत्रको विकासको लागि सरोकारवालाहरुको समेत सहयोग जुटाएर भौतिक पूर्वाधार, सम्पदा संरक्षणका लागि सहकार्य गरिने छ।

२.उपयुक्त स्थानमा विमानस्थल निर्माणका लागि संयुक्तरुपमा आवश्यक प्रक्रिया तत्काल अगाडि बढाइने छ।

३. तानसेनको मौलिक उत्पादन पाल्पाली ढाका, करुवा तथा बगनासकालीको मौलिक उत्पादन बगनासे साँचो, घोरबन्दाका कुमालको माटोको भाँडा बनाउने लगायत पेसा संरक्षण तथा प्रवर्द्धनका लागि अन्तरपालिकास्तरमा सहकार्य गरिने छ।

४.शैक्षिक गुणस्तर बृद्धिका लागि उपयुक्त कार्यक्रम निर्माण गरी संयुक्त रुपमा अगाडि बढिने छ।

५.बढ्दो बहरीकरण र बसाइ सराइलाई व्यवस्थित गर्न उपयुक्त स्थानमा नमूना बस्ती विकासका लागि पूर्वाधार निर्माण तथा विकासका क्षेत्रमा सहकार्य गरिने छ।

६. आवश्यकताअनुसार स्थानीय तहहरुवीच संयुक्त अन्तरपालिका बैठक तथा सहकार्यमा जोड दिइने छ।

७ अन्तरपालिकास्तरमा समन्वय एवम् सहकार्यका लागि तानसेन नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रवक्ता, बगनासकाली गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रवक्ता, दुवै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) र थप १-१ जना दुवै तहका प्रमुखले मनोनित गरेको विज्ञ समेत समावेश हुनेगरी संयुक्त सहकार्य कार्यदल गठन गरिएको छ। आवश्यक परेमा थप विज्ञ आमन्त्रितको रुपमा सहभागी गराइने छ।

८ यो अन्तरकार्यपालिका बैठक सुसम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी लगायत सरोकारवाला सबैमा धन्यवाद व्यक्त गर्दछौं।

| | |
|---|---|
| श्री अशोककुमार शाही | श्री कृष्णप्रसाद बस्याल |
| नगर प्रमुख | अध्यक्ष |
| तानसेन नगरपालिका | बगनासकाली गाउँपालिका |

Scanned by CamScanner